# आर्थिक वर्ष २०८२/०८३ को

# बजेट वक्तव्य

## पाणिनि गाउँपालिका

## २०८२

**यस गरिमामय गाउँसभाका अध्यक्षज्यू, सभा-सदस्यज्यूहरू, सभाका सचिव तथा राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मीज्यूहरू,**

नेपालको संविधान २०७२ को धारा २३०(१) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१(१) बमोजिम पाणिनि गाउँपालिकाको गरिमामय गाउँसभामा गाउँपालिका उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम, विनियोजन विधेयक, २०८२ र आर्थिक विधेयक, २०८२ प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु । यो अवसर प्रदान गर्नुहुने सम्पूर्ण पाणिनि वासी महानुभावहरूप्रति कृतज्ञता प्रकट गर्दछु ।

लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाका लागि पटक-पटक भएका जनआन्दोलन र सङ्घर्षहरूमा सहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरूप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । उहाँहरूको परिवार तथा आफन्तजनहरू प्रति गहिरो समवेदना प्रकट गर्दछु । जनतामाझ अधिकार पुर्‍याउन अमूल्य योगदान पुर्‍याउनुहुने अग्रजहरूको अतुलनीय योगदानप्रति उच्च सम्मान प्रकट गर्दछु ।

सविंधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको कार्यान्वयन गर्दै अन्तर सरकार समन्वय र सहकार्यमार्फत आम नागरिकलाई **खुसी र सुखी** बनाउँदै समावेशी, मर्यादित, स्वच्छ र समृद्ध पाणिनि गाउँपालिका बनाउने दीर्घकालीन सोंचका साथ एकताबद्ध भएर अगाडि बढ्न हामी सबै निर्वाचित जनप्रतिनिधिहरू सधैँ प्रतिबद्ध रहेको र रहिरहने विश्वास आम पाणिनि वासी आदरणीय महानुभावहरूलाई दिलाउन चाहन्छु ।

सीमित स्रोत-साधनबाट नागरिकका असीमित चाहना एकैपटक पूरा गर्न सम्भव नहुने हुँदा प्राथमिकताका आधारमा क्रमश: विकासका गतिलाई अगाडि बढाउन हामी जनप्रतिनिधीहरू सक्षम हुनेछौँ र हुनैपर्दछ, किनकी यो हामीलाई जनताले सुम्पेको अभिभारा हो ।

**अतः " पाणिनि र दुर्वाशा ऋषिको पहिचान, समृद्ध पाणिनि निर्माण हाम्रो अभियान"** दीर्घकालीन सोच अनुसार अघि बढ्नु आजको आवश्यकता हो ।

बजेट तर्जुमाको क्रममा नेपालको संविधान, विद्यमान ऐन र नियम, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, गाउँपालिकाको प्रथम आवधिक योजना, नेपाल सरकार र प्रदेश सरकारको आवधिक योजना, दिगो विकासका लक्ष्यहरू, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त मार्गनिर्देशन, गाउँपालिकाका प्रमुख समस्या र सम्भावना, स्थानीय तहमा

सहभागी राजनीतिक दलहरूका घोषणापत्रहरू, उपलब्ध स्रोत र साधनहरू, पाणिनि गाउँपालिकाको नीति तथा कार्यक्रमका साथै सभाका सदस्यज्यूहरू, राजनैतिक दलहरू, विभिन्न सङ्घ संस्था, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, बुद्धिजीवि, पत्रकार र पाणिनि गाउँपालिकाका आदरणीय आमा बुबा, दिदीबहिनी, दाजुभाइहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई समेत आधार मानेर बजेट निर्माण गरेको छु । वार्षिक बजेट तथा कार्यक्रम पाणिनि गाउँपालिकाले अवलम्बन गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण औजारको रूपमा रहेको बेहोरा गरिमामय सभालाई जानकारी गराउन चाहन्छु ।**सभाध्यक्ष महोदय**,

चालु आ.व २०८१/०८२ को संशोधित बजेट ६६ करोड २३ लाख ९४ हजार रहेकोमा हालसम्म आर्थिक विकातर्फ ३०.०३%, सामाजिक विकासतर्फ ७०.७३%, भौतिक पूर्वाधारतर्फ ५३.०८%, सुशासन र अन्तरसम्बन्धित क्षेत्र ५४.३६% र कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ ६७.०१%, गरी जम्मा चालुतर्फ ६६.५६% र पूँजीगततर्फ ५९.६७ % गरी समग्रमा ६४.८% बजेट खर्च भएको छ। चालु आ.व.का विकास योजनाहरू केही सम्पन्न भएका छन् भने केही सम्पन्नको अन्तिम चरणमा छन् ।

**सभाध्यक्ष महोदय,**

चालु आ.व.मा खर्चतर्फ सामान्य सन्तोष मान्न सकिन्छ भने आम्दानीतर्फ नेपाल सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँड तथा आन्तरिक आय गरी ८१.५४ % प्राप्त भएको छ। राजश्व बाँडफाँडमा सिलिङ्ग भन्दा धेरै कम रकम प्राप्त हुँदा तलब भत्ता लगायत चालु खर्चको भुक्तानीमा दबाव परेको देखिन्छ भने समानीकरण अनुदानमा भएको कटौतीले सम्पन्न योजनाको भुक्तानीमा समेत असर पर्ने अवस्था छ ।

जनचाहाना छिटो र एकैपटक धेरै विकास होस् भन्ने हुन्छ तर साधन-स्रोतको सीमितताले असीमित आवश्यकता एकैपटक पूरा गर्न सम्भव हुँदैन । साथै नेपाल राज्यको पुनः संरचना पश्चात स्थानीय तहले गर्ने प्रमुख काम भनेकै जनाताका सेवा प्रवाहमा विशेष प्राथमिकता दिदै सेवा प्रवाह बढी पारदर्शी, छिटो छरितो र गुणस्तरीय रुपमा प्रवाह गर्ने सुशासन कायम गर्ने दिशातर्फ पाणिनि गाउँपालिकाले विशेष ध्यान दिँदै ठूला तथा मझौला योजनाहरु नेपाल सरकार र प्रदेश सरकार संगको सहयोग र सहकार्यमा गर्ने वातावरण सृजना गर्नु पर्ने यथार्थलाई मध्यनजर राखेर बजेटको बाँडफाँड गरेको छु । साथै योजनाहरूको प्राथमिकीकरण गर्दै सबै वर्ग क्षेत्र समेट्ने गरी सन्तुलित विकासको अवधारणा अनुरूप वार्षिक

बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । अब म आ.व. २०८२/०८३ को राजश्व तथा श्रोत परिचालन सम्बन्धमा प्रस्ताव गरिएका व्यवस्थाहरूको विषयमा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

**"हामीले तिरेको करः समृद्ध पाणिनीको आधार"** भन्ने नाराका साथ सबै वडामा करदाता शिक्षा कार्यक्रम तथा घुम्ती कर सङ्कलन सप्ताह अभियानका रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

नेपालको संविधानको अनुसूची - ८ बमोजिमको स्थानीय तहलाई प्राप्त एकल अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको वित्तीय अधिकार क्षेत्रभित्र स्थानीय सरकारले लगाउन पाउने कर, सेवा शुल्क, दस्तुर तथा अन्य विविध आयतर्फ छुट हुन गएका शीर्षकहरू थप गरी फराकिलो कराधार निर्माणको व्यवस्था मिलाएको छु ।

गाउँपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरूलाई करको दायरामा ल्याउदै चोरी निकासीका गतिविधिहरूलाई नियन्त्रण गर्नको लागि अनुगमनको पाटोलाई जिल्ला समन्वय समिति सँगको सहकार्यमा शसक्त बनाउने व्यवस्था मिलाएको छु ।

अपाङ्गता भएका व्यक्तिहरू, एकल तथा विधवा महिलालाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा व्यवसाय दर्ता करमा ५० प्रतिशत दस्तुर छुट दिने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म पाणिनि गाउँपालिकाको अर्थतन्त्र र हाम्रो बजेट प्रणालीमा देखिएका मुख्य-मुख्य चुनौती र अवसरहरु संक्षेपमा प्रस्तुत गर्न चाहान्छु।

**चुनौतीहरु:**

चालु आर्थिक वर्षमा वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट वित्तिय समानिकरणमा रुकम विगतका बर्षहरुबाट नै सिलिङ्ग भन्दा कम निकाशा भएको छ । त्यसैगरी राजश्व बाँडफाड तर्फ सिलिङ्ग बराबरको रकम संघीय सरकारबाट प्राप्त हुन सकेको छैन । यसरी बजेट सिलिङ्गको हिस्सा बराबरको रकम, नेपाल सरकारबाट प्राप्त नहुँदा विकास कार्यको लागि स्रोत व्यवस्थापनमा असर परेको छ ।

कृषि र पशुपालन क्षेत्रमा सिँचाइ सुविधाको अभाव, मौसमी अनिश्चितता, भिरालो भू–भागका कारण आधुनिक खेती प्रणालिमा कठिनाइ, माटो कटान र क्षय, पशु रोग नियन्त्रणमा

कमजोरी, आधुनिक प्रविधि र तालिमको न्यूनता, र उत्पादनको बजारीकरणमा पहुँचको अभावजस्ता कठिनाई देखिन्छ ।

पुँजिगत खर्चको प्रभावकारीता सोचेजति बढ्न सकेको छैन । निर्माण व्यवसायीले आयोजना कार्यान्वयनमा गर्ने ढिलासुस्ती, ठूला आयोजना कार्यान्वयनका लागि दक्ष जनशक्तीको अभाव, उपभोक्ता समितिमा प्राविधिक तथा प्रशासकीय दक्षताको कमी र युवा जनशक्तीको अभाव तथा सम्झौता भएपछि पनि समयमै कार्य सम्पन्न नगर्नु एक दुई उपभोक्ताहरु बाहेक अन्य उपभोक्ताहरुबाट श्रमदान र लागत सहभागिता मध्ये दुबै हुन नसक्नु आयोजना कार्यान्वयनमा प्रमुख चुनौतीको रुपमा देखिएको छ ।

विशेष ज्ञान र सम्बन्धित क्षेत्रको दक्षता आवश्यक पर्ने आयोजनाहरुमा सम्बन्धित क्षेत्रका उच्च तहका प्राविधिक जनशक्तिको व्यवस्थापन गर्नु, अनुगमन समितिका पदाधिकारीहरुको अनुगमन हुने विषयको सम्बन्धमा आधारभुत प्राविधिक ज्ञान तथा विषयहरुको बारेमा जानकारी नहुनु पनी अर्को चुनौतीको रुपमा देखिएको छ ।

जलवायु परिवर्तनजन्य तथा अन्य घटनामा हुने बृद्धिले समय-समयमा आकस्मिक विपद् आईपर्ने हुँदा विपद् व्यवस्थापनमा अनुमान भन्दा बढी बजेट खर्च हुनु ।

आर्थिक वर्षको मध्य अवधि नसकिदै योजना संशोधन तथा बजेट रकमान्तर हुने प्रवृतीलाई न्यूनिकरण गर्न नसक्नु । पर्यटन आगमनमा उल्लेख्य वृद्धि हुदै गर्दा समेत पालिका भित्र अतिथि सत्कार, सेवा सुविधा प्रदान गर्नका लागी स्तरीय होटल व्यवसायहरु नहुनु ।

**अवसरहरु:**

१. नेपाल राज्यभित्रका महत्वपूर्ण गन्तव्य स्थलहरुमध्ये पाणिनि तपोभूमि नेपालको सय गन्तव्यभित्र रहेको र **"सस्कृंत व्याकरणका पिता पाणिनि ऋषिको पहिचान, तपोभूमिको विकास र व्यापकता सम्मेलनको अभियान"** भन्ने नारा सहित २०८१ चैत्र २७ र २८ गतेको पाणिनि तपोभूमि सम्मेलन पश्चात नेपाल सरकार र प्रदेश सरकारको तपोभूमिको विकासमा विशेष ध्यान आकर्षित भएको साथै आ.व. २०८२।८३ मा नेपाल सरकारबाट पाणिनि तपोभूमिको विकासको लागि रु. ४ करोड ५० लाख र लुम्बिनी प्रदेश सरकारबाट रु. ४५ लाख विनियोजन हुनु, सिस्ने खोला पर्यटकीय पूलका लागि रु. ३ करोड विनियोजन हुनु तपोभूमि सम्मेलनको उपलब्धी र पाणिनि गाउँपालिकाको ठूलो अवसर रहेको हामी सबैले अनुभव गरेको विषय हो ।

२. ऐतिहासिक, धार्मिक, सांस्कृतीक तथा मनोरम पर्यटकीय स्थलको निर्माण, पुन निर्माण, खोज तथा प्रचार प्रसारको कारण उल्लेख्य मात्रामा आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा वृद्धि हुने प्रचुर सम्भावना रहेको,
३. दुध, सुन्तला, आलु, मासु, तरकारी, खाद्यान्य जस्ता कृषि र पशुजन्य उपजको उत्पादन तथा निर्यातमा उल्लेख्य वृद्धि हुनु ।
४. पालिका भित्रका महत्त्वपूर्ण सडक ग्रावेल तथा स्तरोन्नती हुदै गएका कारण सबै वडामा सडक संचालन हुनु ।
५. हरेक टोल टोलमा कच्ची सडक पँहुच विस्तार हुनु ।
६. गाउँपालिकाको विकास निर्माण र सेवा प्रवाह लगायतका कार्यमा नेपाल सरकार तथा प्रदेश सरकारको सहकार्य हुनु ।
७. सार्वजनिक क्षेत्रमा नियमितता, मितव्ययीता, प्रभावकारीता अभिवृद्धि हुदै वित्तीय सुशासनमा कायम हुनु
८. सालझण्डी – ढोरपाटन, घुम्ती पाल्पा पँहुचमार्ग, पटौटी गुल्मी फास्ट ट्राक जस्ता महत्वपूर्ण सडकको उपयोग गर्न सकिने अवसर रहेको छ ।

**सभाध्यक्ष महोदय,**

माथि उल्लेखित चुनौती र अवसरलाई मनन् गर्दै स्थानीय सरकार, निजि क्षेत्र, सहकारी र विकास साझेदारको लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर सृजना गर्ने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक वृद्धिको जग तयार गर्ने तर्फ प्रस्तुत बजेटले जोड दिएको छ। सार्वजनिक स्रोतको समुचित परिचालन गर्दै उपलब्ध अवसर तथा लाभहरुको न्यायिक वितरण गरी धनी र गरिब विचको असमानता कम गर्नुपर्ने आवश्यकता महशुस गरी बजेटका उद्धेश्य तथा प्राथमिकताहरु निर्धारण गरेको छु ।

**बजेटका उद्धेश्यहरु:**

१. स्थानीय उत्पादन, रोजगार र आम्दानीलाई दिगो रूपमा बढाउँदै स्थानीय उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने।
२. स्वस्थ, सिपालु र सिर्जनशील जनशक्ति तयार पारेर गाउँको विकासमा आत्मनिर्भर बनाउने।
३. स्थानीय अर्थतन्त्रमा समृद्धि ल्याउने।
४. कम खर्चमा दिगो र भरपर्दो पूर्वाधार बनाएर विकासलाई सशक्त बनाउने।

५. सेवाहरूलाई आधुनिक प्रविधिमा आधारित, पारदर्शी र जवाफदेही बनाउँदै सबैसम्म पुऱ्याउने।
६. नियम, कानूनको कदर गर्दै समाजमा न्याय र अनुशासन कायम गर्ने।

**बजेटका प्राथमिकताहरु:**

१. कृषि, धार्मिक पर्यटन र रोजगारीको विकास
२. दिर्घकालिन भौतिक पूर्वाधार निर्माण
३. गुणस्तरीय शिक्षा र स्वास्थ्य तथा सामाजिक सुरक्षा
४. दिगो विकास, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
५. स्थानीय स्रोत साधन सन्तुलित विकास
६. गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन।

**सभाध्यक्ष महोदय,**

अब म बजेटले लिएका उद्धेश्य हासिल गर्न तपसिल बमोजिम सुधारको प्रस्ताव पेश गरेको छु।

१. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना श्रावणको पहिलो हप्ता भित्र तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ। स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने विषयगत शाखाहरुले श्रावण मसान्त भित्र आवश्यक कार्यविधि र निर्देशिका तयार गरी कार्यपालिकाबाट पारित गरि लागु गरिनेछ।
२. स्थानीय स्तरमै कृषि, पशुपालन उपज तथा घरेलु उत्पादनलाई बजारसम्म पहुँच पुऱ्याउने व्यवस्था मिलाइनेछ, साथै युवाहरुलाई उत्पादनमूलक उद्यममा तालिम उपलब्ध गराइनेछ।
३. क्षेत्रगत प्राथिमकता भित्र पनि ठूला तथा रणनैतिक महत्वका, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, बहुसंख्यक जनताले लाभ प्राप्त गर्ने आयोजनालाई प्राथमिकता दिइ रकम छुट्टाएको छ।
४. ठूलो संख्यामा आयोजना र कार्यक्रम समावेश गरी स्रोत साधन छर्ने प्रवृतिमा सुधार गर्न खोजिएको छ।
५. तोकिएको मिति भित्रै आगामी आर्थिक वर्षको स्थानीय दररेट स्विकृत गराइ लागु गरिनेछ।

६. अनुगमन समितिबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको समयतालिका बनाई निर्माण पूर्व, निर्माणाधिन अवस्था तथा निर्माण सम्पन्न भएपछि अनुगमन, मुल्यांकन, पृष्ठपोषण तथा रिपोटिङ्ग गरिनेछ।

७. कुनै पनि आयोजनाको उचित कारण बिना म्याद थपिने छैन। सम्झौताको दायित्व पूरा नगरी हेलचेक्राइ र लापरवाहीको कारण समयमै कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई प्रचलित खरिद कानुन बमोजिम दण्ड जरिवाना गरिनेछ।

८. सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सूचना प्रविधि प्रणालीलाई थप प्रभावकारी बनाउदै वडा कार्यालय र स्वास्थ्य कार्यालयहरुलाई अनुगमन, नियमन र सहजिकरण गरिनेछ।

९. प्रशासनीक क्षेत्रमा सुशासन कायम गर्दै खर्चमा मितव्ययिता कायम गरिनेछ।

१०. वित्तिय जोखिमलाई न्यूनिकरण गर्न आर्थिक अनुशासन कायम गर्दै बेरुजु न्यूनिकरण तथा फर्छ्यौट गर्ने कार्यलाई विशेष प्राथमिकता दिईनेछ।

११. गाउँपालिकाको आर्थिक रुपान्तरणको लागि डिजिटल अर्थतन्त्रलाई प्रवर्द्धन गरिनेछ। त्यसका लागि संचार पूर्वाधारको विकास आर्थिक तथा प्रशासनिक क्रियाकलापमा इन्टरनेट, मोबाइल एप्लिकेशन, सफ्टवेयर तथा अन्य नेटवर्कको प्रयोगलाई बढवा दिइनेछ। यसबाट आर्थिक कारोबारको लागत घट्ने, कार्यकुशलतामा वृद्धि हुने, समयको बचत हुने, नागरिकहरुले घरबाटै सेवा लिन सक्ने, पारदर्शिता र सुशासन कायम भई **"पाणिनि र दुर्वाशा ऋषिको पहिचान, समृद्ध पाणिनि निर्माण हाम्रो अभियान"** भन्ने दीर्घकालिन सोचलाई टेवा पुग्ने अपेक्षा लिएको छु।

१२. बजेट कार्यान्वयनको प्रगतीको सन्दर्भमा नियमित रुपमा हुने त्रैमासिक समिक्षाको अलावा बजेट कार्यान्वयनको मध्याबधी समिक्षा गरिनेछ।

१३. माथि उल्लेखित नीतीगत तथा संरचनागत सुधारले बजेट कार्यान्वयनको प्रभावकारिता बढ्ने र स्थानीय अर्थतन्त्र सुदृढ र गतिशिल हुने विश्वास लिएको छु।

१४. हालै सम्मानित सभाबाट पारित नीति तथा कार्यक्रममा उल्लेखित सुशासन, पारदर्शिता र प्रतिस्पर्धा लगायतका मार्गदर्शनलाई कार्यान्वय गरिनेछ।

**सभाध्यक्ष महोदय**,

१५. आर्थिक, सामाजिक रूपान्तरणका माध्यमबाट विद्यमान गरीबी, असमानता तथा बेरोजगारीको अन्त्य गर्दै **"पाणिनि र दुर्वाशा ऋषिको पहिचान, समृद्ध पाणिनि**

**निर्माण हाम्रो अभियान"** को लक्ष्य तथा दीर्घकालीन सोचसहित आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकासः**

१६. राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम संचालनका लागि तथा सुन्तलाको पकेट विकास कार्यक्रमको निरन्तरताका लागि बजेट विनियोजन गरेको छु । फलफूलहरूको व्यावसायिक उत्पादन, संरक्षण, बजारीकरण लगायतको कार्यक्रमका लागि बजेट ब्यवस्थापन गरिएको छ ।

१७. **"बाँझो जमिनमा कृषकको जोत, समृद्ध गाउँको दिगो स्रोत"** भन्ने सोचका साथ बाँझो खेतीयोग्य जग्गा बैङ्क स्थापना गर्न र बाँझो जग्गामा श्रम शक्ति परिचालन कार्यक्रमलाई निरन्तरता प्रदान गर्न आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।

१८. कृषि तथा पशुजन्य उत्पादन र प्रविधिको प्रवर्द्धन गर्दै कृषि तथा पशुपालन व्यवसाय गर्ने कृषकको क्षमता अभिवृद्धिको ब्यवस्था मिलाएको छु ।

१९. कृषि विउँविजन भण्डारण गृह निर्माणको लागि बजेट विनियोजन गरेको छु ।

२०. व्यवसायिक आलु प्रवर्द्धन, लागत साझेदारीमा मौरी घार ब्यवस्थापनका लागि बजेट विनियोजन गरिएको छ ।

२१. किसान सूचीकरण कार्यलाइ पूर्णता दिन बजेट ब्यवस्था गरीएको छ ।

२२. नेपाल सरकार तथा गाउँपालिकाको साझेदारीमा **"एक गाउँ, एक कृषि/पशु सेवा प्राविधिक" र एक पालिका एक भेटेनरी डाक्टरको** लागि बजेट ब्यवस्था गरिएको छ ।

२३. गोरु र राँगा पाल्ने कृषकलाई प्रोत्साहन कार्यक्रम , पशुमा कृत्रिम गर्भाधान कार्यक्रम र पशुमा लाग्ने सङ्क्रामक रोग नियन्त्रण गर्न, पशु खोप कार्यक्रमलाई निरन्तरता प्रदान गर्न ,पशुपन्छीको औषधी उपचारका कार्यक्रमहरू सञ्चालन गर्न बजेटको ब्यवस्था गरेको छु ।

२४. प्रदेश सरकारको सहयोगमा पाणिनि गाउँपालिकाको लागि खोरेत रोग मुक्त बनाउने अभियानमा पालिकाका जनशक्ति परिचालन गर्ने ब्यवस्था मिलाइएको छ । मागमा आधारित ५०% अनुदानमा हिउँदे र वर्षे घाँसको विउ वितरण , मागमा आधारीत डेरी प्रवर्द्धन कार्यक्रम , डोर टु डोर बाँझोपन निवारण कार्यक्रम, खरि बाख्रा स्रोत

केन्द्र व्यव्थापन कार्यक्रम , मागमा आधारित काउमेट वितरण कार्यक्रम , पशु स्वास्थ्य घुम्ती शिविर, पशुपंक्षीमा नियमित उपचार सेवा कार्यक्रम जस्ता कृषकलाइ प्रत्यक्ष फाइदा हुने कार्यक्रममा बजेट विनियोजन गरेको छु।

२५. कृषि क्षेत्रमा टड्कारो समस्याका रूपमा रहेका बाँदर, बँदेल लगायतका जङ्गली जनावरहरूले पुर्‍याउने क्षतिको न्यूनीकरण गर्न गाउँपालिकाले जैविक, भौतिक र प्रविधिमैत्री रोकथाम उपायहरू अपनाई समुदायमा आधारित निगरानी टोली गठन गर्ने, क्षतिपूर्तिको व्यवस्था मिलाउने गरी जङ्गली जनावरहरूको आतङ्कलाई न्यूनीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

२६. कृषि विकास कार्यक्रम र पशु सेवा कार्यक्रममा गाउँपालिका स्तर र सशर्त गरी जम्मा रू १ करोड ५८ लागि विनियोजन गरेको छु।

२७. **“युवाको सीप, पाणिनिको जीत”** भन्ने नाराका साथ कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण, विविधीकरण तथा बजारीकरण गर्न अभिप्रेरित गर्ने गरी बजेट व्यवस्थापन गरिएको छ।

२८. **पाणिनि तपोभूमिलाई राष्ट्रिय पर्यटन गन्तव्यको रूपमा विकास गर्न** भौतिक पूर्वाधारको विकासको साथसाथै धार्मिक पर्यटनको विकासको लागि नेपाल सरकार र प्रदेश सरकारबाट विनियोजित बजेटलाई गुरुयोजना अनुसार कार्यान्वय गर्न समन्वय र सहकार्यमा जोड दिईनेछ।

२९. **"पाणिनि गाउँपालिकाको आधार, लघु उद्यममार्फत रोजगार"** भन्ने नारालाई सार्थकता प्रदान गर्न म्याचिङ्ग गर्न चाहाने वडालाई प्राथमिकता दिदै स्थानीय स्रोत र साधनको परिचालन गरी लघु उद्यममार्फत मेड मोडेल ( MED MODEL) मा आधारित उद्यमशीलता विकास गर्न रु १० लाख र **“पाहुनाको सत्कार, सरसफाइ र सेवा हाम्रो संस्कार”** भन्ने आदर्श वाक्यका साथ सबै होटल व्यवसायहरुलाई सरसफाई र उचित व्यवस्थापन सहितको अतिथि सत्कार तथा व्यवस्थापन तालिम कार्यक्रम सञ्चालन गर्न रु ३ लाख विनियोजन गरेको छु।

३०. उद्योग व्यवसाय दर्ता तथा नविकरण कार्यलाई प्रभावकारी बनाउन सबै वडाहरुमा व्यवसाय दर्ता अभियान सचेतना जस्ता कार्यक्रमहरु संचालन गर्न बजेट विनियोजन गरेको छु।

३१. रोजगार कार्यक्रममार्फत रोजगार सेवा केन्द्रमा सूचिकृत **न्यूनतम ८२** जना बेरोजगारहरूलाई गाउँपालिकाको समेत साझेदारीमा कम्तिमा १०० दिनको रोजगारीको अवसर प्रदान गर्न नेपाल सरकारको रु २७ लाख ७२ हजार र सबै वडाबाट रु २७ लाख ७२ हजार गरी जम्मा रु ५५ लाख ४४ हजार बजेट विनियोजन गरेको छु।

३२. मनोसामाजिक परामर्श कर्तालाई निरन्तरता दिदै **सुरक्षित आप्रवासन कार्यक्रम (सामी)** अन्तर्गतका बैदेशिक रोजगारीमा जाने, रहेका, फर्केका व्यक्ति र तिनका परिवार तथा समुदाय स्तरमा मनोसामाजिक परामर्श कार्य सम्बन्धि क्रियाकलापहरु संचालन गर्न रु ७ लाख ९४ हजार विनियोजन गरेको छु।

३३. सहकारी संस्थाहरूको सुदृढीकरणका लागि पारदर्शिता, सुशासन र दिगोपनमा आधारित अनुगमन, क्षमता अभिवृद्धि तथा सहजीकरण कार्यक्रम सञ्चालनका लागि रु. ४ लाख विनियोजन गरेको छु।

३४. शिक्षा क्षेत्रको समग्र विकासका लागि गाउँपालिकाको तर्फबाट अनिवार्य दायित्व १ करोड ६० लाख ८० हजार र विभिन्न कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरिको छु। सङ्घीय सरकारबाट प्राप्त हुने शसर्त अनुदान थप हुने बेहोरा पनि जानकारी गराउछु।

३५. वार्षिक रूपमा उत्कृष्ट हुने विद्यार्थी, उत्कृष्ट औषत सिकाइ उपलब्धि हासिल गर्ने शिक्षक र विद्यार्थीलाई प्रोत्साहन/सम्मान कार्यक्रम, दरबन्दी कम भएका विद्यालयहरूलाई दिइदै आएको अनुदान, छात्रवृत्ति कार्यक्रमको निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३६. **"पाणिनिलाई चिनौँ, पाणिनिलाई चिनाउ"** भन्ने आदर्श वाक्यलाई आत्मसात गरी हाम्रो पाणिनि स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमा पाणिनि ऋषिले सूत्राधार गरेका संस्कृत व्याकरणका सूत्रहरूलाई समेट्दै सोको पठनपाठन गर्ने र स्थानीय विषयको पाठ्यपुस्तक नि:शुल्करूपमा वितरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३७. नेपाल सरकारको विशेष अनुदान तर्फ पाणिनिको शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रम, प्रस्तावित स्वीकृत कार्ययोजना अनुसार कार्य अनुसार

१ करोड ६५ लाख विनियोजन गरेको छ । यसको प्रभावकारी कार्यान्वयनको लागि समय तालिका सहितको कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

३८. शिक्षक, कर्मचारी छनौटको कार्यलाई छिटो छरितो, वैज्ञानिक र सहज बनाउनको लागि एकीकृत विज्ञापन प्रणाली र विषयगत रोष्टर शिक्षक तयार गर्नको लागि बजेट व्यवस्थापन मिलाएको छ ।

३९. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालय भौतिक पूर्वाधार, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, छात्राहरूका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम निरन्तरताको लागि बजेट व्यवस्थापन गरेको छ ।

४०. विद्यार्थीहरूमा लुकेर रहेका अन्तर्निहित प्रतिभा प्रस्फुटनका लागि अतिरिक्त क्रियाकलाप अन्तर्गत **प्रतिभाको खोजी, चिनारी तथा प्रचार प्रसार** एवम् विभिन्न रनिङ्गशिल्डका कार्यक्रमहरूलाई निरन्तरता प्रदान गर्न आवश्यक रकम विनियोजन गरेको छ ।

४१. **"पाणिनि गाउँपालिका भलिबलको हव, खेलाडी प्रोत्साहनका लागि अध्यक्ष कप"** भन्ने नाराका साथ अध्यक्ष कपरनिङ्ग शिल्ड प्रतियोगिता लगायत सबै खेलहरुलाई खेल सप्ताहकको रुपमा सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छ ।

४२. विद्यालयका प्रशासनिक कार्यलाई विद्युतीय प्रणालीमा आवद्ध गर्न एक विद्यालय, एक कम्प्युटर प्रशिक्षक र **"सूचना प्रविधिमा आधारित शिक्षामा जोड, कक्षा कोठामा डिजिटल स्मार्ट वोर्ड"** भन्ने आदर्श वाक्यलाई आत्मसात गरी माध्यमिक विद्यालयमा क्रमश: डिजिटल बोर्ड व्यवस्थापनको कार्यक्रम आवश्यक बजेट व्यवस्थापन गरेको छ ।

४३. कलिला मष्तिष्कसहितका बाल बालिकालाई विद्यालयमा जाउँ जाउँ भन्ने भावना विकास गर्न वडाका प्रत्येक विद्यालयमा क्रमश सुविधा सम्पन्न बालकक्षाको लागि बजेट विनियोजन गरेको छ ।

४४. स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि गाउँपालिकाको तर्फबाट अनिवार्य दायित्व ४२ लाख र विभिन्न कार्यक्रमहरुको लागि रु. ५० लाख विनियोजन गरिको छ ।

सङ्घीय सरकारबाट प्राप्त हुने शसर्त अनुदान थप हुने बेहोरा पनि जानकारी गराउछु ।

४५. सबै स्वास्थ्य संस्थाहरूमा निःशुल्क उपलब्ध गराउने तोकिएका औषधीहरू र अन्य थप औषधी तथा उपकरणको नियमित आपूर्तिको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४६. १५ शैयाको आधारभूत अस्पताल निर्माण सम्पन्नको अन्तिम चरणमा रहेकाले सम्पन्न पश्चात उक्त अस्पतालबाट तत्काल बर्थिङ सेवा र खोप आपूर्ति केन्द्र सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

४७. राष्ट्रिय महिला स्वास्थ्य स्वयम्सेवा कार्यक्रमलाई प्रभावकारी गराउन प्रोत्साहन सुविधाहरूलाई निरन्तरता दिएको छु ।

४८. नेपाल सरकारले निर्धारण गरेका आधारभूत औषधीहरू निरन्तर उपलब्ध गराउने र थप औषधी उपचारको समेत उचित प्रबन्ध मिलाएको छु ।

४९. खिदिम आयुर्वेद औषधालयमा पञ्चकर्म सेवालाई विशिष्ट सेवाको रूपमा विकास गर्न र "जीवनशैली तथा भान्सा सुधार, निरोगी जीवनको आधार" नाराका सार्थकता प्रदान गर्न सक्रिय तथा शान्त जीवनशैलीका लागि योगध्यान कार्यक्रमलाई वडा तथा टोलमा विस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५०. गर्भवती महिलाको गर्भको अवस्था समयमैँ पत्ता लगाइ तदनुरूपको व्यवस्थापन र परामर्शको लागि ग्रामिण अल्ट्रासाउण्ड घुम्ती सेवा सञ्चालन, गर्भवती महिला लक्षित मेडिक मोबाइल कार्यक्रम, जटिलतायुक्त प्रसूतिहरूका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन र एम्बुलेन्स सेवालाई प्रभावकारी सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५१. कडा रोगबाट पीडित व्यक्तिहरूलाई कार्यविधि अनुसार आर्थिक सहयोग प्रदान गर्ने र असहाय स्वास्थ्य उपचार सहायता कोष निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।

५२. **"एक घर, एक धारा कार्यक्रम"** अन्तर्गत खानेपानी व्यवस्थापन गर्न प्रदेश विशेष अन्तर्गत रु. २० लाख र समेट्न नसकेका घरधुरीहरूलाई तत्कालका लागि वैकल्पिक ब्यवस्थास्वरुप आवश्यक बजेट व्यवस्था गरेको छु ।

५३. आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडी परेका महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति लगायतका वर्ग तथा समुदायलाई सिपमूलक, आयमूलक र रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गर्न सामाजिक समावेशीकरण तर्फ रु ५ लाख बजेट विनियोजन गरेको छु।

५४. महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फ विभिन्न कार्यक्रमहरु सन्चालन गर्न रु. ७ लाख ५० हजार विनियोजन गरेको छु।

५५. महिला विरूद्ध हुने सबै प्रकारका हिंसा, विभेद र वहिष्करण अन्त्यका लागि लैङ्गिक समानता तथा महिला सशक्तिकरणमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

५६. वैदेशिक रोजगारीको सिलसिलामा ज्यान गुमाएका परिवारका महिला तथा आश्रित बालबालिकालाई विशेष आर्थिक सहयोग एवं सीपमूलक तालिम प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

## पूर्वाधार विकासः

५७. सङ्घीय समपुरक तर्फ **भन्ज्याङ्ग धातिवाङ्ग देउराली डाँडाकटेरी सडक**, नेपाल सरकारबाट रु २ करोड १६ लाख र गाउँपालिकाबाट थप १ करोड ३० लाख र **देउराली पात्ले दरनेटा दारेगैरा मो.वा** निर्माण स्तरोउन्नती तर्फ नेपाल सरकारबाट रु ८७ लाख र गाउँपालिकाबाट थप ३८ लाख रकम विनियोजन गरेको छु।

५८. नेपाल सरकारबाट प्राप्त हुने शसर्त अनुदान तर्फका कार्यक्रमहरु समयमै सम्पन्न हुने गरी व्यवस्था मिलाएको छु।

५९. **सुन्दरढुङ्गा-उपल्लाखर्क-पोखराथोक हटिया मालिका गुफा डेरी चोक सडक**का लागि ७५ लाख प्रदेश सरकारबाट र गाउँपालिकाबाट थप ५० लाख विनियोजन गरेको छु।

६०. गाउँपालिका भरिका सम्पूर्ण मोटरबाटोको मर्मत सम्भारका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६१. विभिन्न भवन निर्माण तथा मर्मत सम्मार (विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवन) सम्पदा पूर्वाधार लगायतका उपक्षेत्रका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

६२. **"फोहर छुट्याऔं, स्रोत बचाऔं, हरियो गाउँ बनाऔं"** सोचका साथ घरबाट निस्कने फोहरलाई उत्पादन स्थलमैँ वर्गीकरण गरी फोहोरलाई मोहोर बनाउन लागि आवश्यक बजेट विनियोजन गरेको छ।

**<u>सुशासन र अन्तरसम्बन्धित:</u>**

६३. सार्वजनिक कार्यक्रम, बजेट, योजना, निर्णय, सुशासन व्यवस्थापन र समग्र क्षेत्रको सेवा प्रवाह तथा गुणस्तर अनुगमन कार्यमा मिडियाहरूको परिचालन गर्न जनतासँग रेडियो तथा टेलिभिजन कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

६४. गाउँपालिकाको हित र विकासको लागि अहोरात्र खटिने कर्मचारीहकरू.को वृत्ति र नवीन सिकाइ अनुकरणका लागि आन्तरिक पर्यटनको लागि आवश्यक बजेट विनियोजन गरेको छ।

६५. सेवाग्राहीहरूलाई छिटो, छरितो एवम् प्रभावकारी सेवा प्रदान गर्नको लागि गाँउ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूमा कार्यरत अस्थायी र करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

६६. **"समृद्धिको लागि वन"** कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका सार्वजनिक क्षेत्रमा एक लाख बिरुवा रोप्ने लक्ष्यसहित सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको सहकार्यमा नाङ्गो पाखा, सडक/नदी किनार, विद्यालय परिसर, व्यक्तिगत जग्गामा डाले घाँस, फलफूल, जडीबुटी र काष्ठजन्य प्रजाति रोपी हरियाली प्रबर्धन र वातावरण संरक्षणमा गर्न २९ लाख बजेट विनियोजन गरेको छ।

६७. **कोष तर्फ :** विपद् पूर्व तयारी राहत, उद्धार, पुनस्थापना जस्ता कार्यको लागि विपद् व्यवस्थापन तथा दैवि प्रकोप कोषमा रु. ५० लाख, विभिन्न आयोजनाहरुको मर्मत संभार संरक्षण र दिगो संचालनको व्यवस्थापनको लागि मर्मत संभार कोषमा रु. २० लाख, कर्मचारीको कल्याणकारी कोषमा रु. १० लाख त्यसैगरी म्याचिङ्ग तर्फ रु. ३० लाख विनियोजन गरेको छ।

६८. भू–संरक्षण र जलाधार व्यवस्थापन गरी सार्वजनिक पोखरी संरक्षण तथा नदी खोलाको कटान रोक्न आवश्यक प्रबन्ध गरेको छु

६९. नेपाल सरकार र प्रदेश सरकारबाट सशर्त रुपमा छुट्याईएका योजनाहरुको निर्धारित समयमै सम्पन्न गर्ने व्यवस्था मिलाएको छु।

७०. गाँउपालिकाका सम्पूर्ण कर्मचारीहरुको नेपाल सरकार र प्रदेश सरकारले व्यवस्था गरेअनुरुप स्थानीय निजामती सेवामा रहेका सबै स्थायी राष्ट्रसेवकहरुको तलब भत्ता, गाउँपालिका भित्रका अस्थाई, करार, ज्यालादारी कर्मचारीहरुको करार सेवा सुविधा, सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि रकम, पदाधिकारीहरुको सेवा सुविधा, बैठक भत्ता, कार्यालय सामाग्री तथा दैनिक प्रशासनिक कार्य गर्न सामाग्री खरिद, मेसिनरी औजार मर्मत तथा खरिद, पानी तथा बिजुली, सन्चार, कम्प्युटर तथा प्रिन्टर, कार्यालयको फर्निचर तथा फिक्सिङ, सवारी साधन मर्मत तथा सम्भार, ईन्धन, घरभाडा, वडा तथा स्वास्थ्य संस्थाहरुको कार्यालय सन्चालन लगायतका कार्यका लागि कार्यालय सन्चालन तथा प्रशासनिक खर्च तर्फ रु. १० करोड ३० लाख रकम विनियोजन गरेको छु।

७१. पदाधिकारी तथा कर्मचारीहरुको स्वास्थ्य बिमाको लागि रु. ७ लाख रकम विनियोजन गरेको छु।

७२. समानिकरण तथा राजस्व बाँफाडँको रकम प्राप्त नहुने अवस्थाले गर्दा सम्झौता भई काम सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको लागि दायित्व सिर्जना हुने रकमको व्यवस्था मिलाएको छु।

७३. वडास्तरीय योजना तथा कार्यक्रमको लागि प्रति वडा रु. ४० लाखका दरले रु. ३ करोड २० लाख र गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमको लागि रु. २ करोड ७० लाख गरी जम्मा रु. ५ करोड ९० लाख विनियोजन गरेको छु।

## आ.ब. २०८२/८३ को लागि आम्दानीका स्रोतहरूको संक्षिप्त विवरण निम्ननुसार रहेको छ।

| पाणिनि गाउँपालिकाको आ.व २०८२/०८३ को आय प्रक्षेपण | | |
|---|---|---|
| आय शिर्षक | आ.व. २०८२/०८३ को प्रस्तावित अनुमानित आय | कैफियत |
| संघीय समानिकरण अनुदान | १० करोड ४९ लाख | |
| संघीय शसर्त अनुदान चालु | ३४ करोड १६ लाख | |
| संघीय शसर्त अनुदान पुँजिगत | ७ करोड १४ लाख | |
| संघीय विशेष अनुदान चालु | १ करोड ६५ लाख | |
| संघीय समपुरक अनुदान | ३ करोड ३ लाख | |
| संघीय राजश्व बाडँफाडँ | ९ करोड ४७ लाख १७ हजार १ सय ५ रुपैया | |
| प्रदेश समानिकरण अनुदान | ७१ लाख ५३ हजार | |
| प्रदेश शसर्त अनुदान पुँजिगत | १ करोड ३० लाख | |
| प्रदेश विशेष अनुदान | २० लाख | |
| प्रदेश समपुरक अनुदान | ७५ लाख | |
| प्रदेश राजश्व बाडँफाडँ | ४८ लाख ९ हजार | |
| आन्तरिक श्रोत तर्फ | १ करोड ४५ लाख | |
| राजस्व बाडफाँड स्थानीय सरकार | १० लाख | |
| अल्या | १ करोड २६ लाख ९५ हजार ३ सय ९५ | |
| **जम्मा आय प्रक्षेपणः** | **७२ करोड २० लाख ७४ हजार ५ सय** | |

## पाणिनी गाउँपालिका आ.ब. २०८२/८३ को व्यय अनुमान निम्ननुसार रहेको छ ।

| पाणिनि गाउँपालिकाको आ.व २०८२/०८३ को व्यय अनुमान | | |
|---|---|---|
| क्र.सं. | आय शिर्षक | अनुमानित रकम रू. |
| १ | सङ्घीय शसर्त अनुदान | ४१ करोड ३० लाख |
| २ | सङ्घीय समपूरक अनुदान | ४ करोड ३३ लाख |
| ३ | सङ्घीय विषेश अनुदान | १ करोड ६५ लाख |
| ४ | प्रदेश शसर्त अनुदान | १ करोड ३० लाख |
| ५ | प्रदेश समपूरक अनुदान | १ करोड ७ लाख |
| ६ | प्रदेश विशेष अनुदान | २० लाख |
| ७ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १० करोड ३० लाख |
| ९ | विपद् व्यवस्थापन तथा दैवी प्रकोष कोष | ५० लाख |
| १० | मर्मत सम्भार कोष | २० लाख |
| ११ | कल्याणकारी कोष | १० लाख |
| १२ | म्याचिङ तर्फ | ३० लाख |
| १३ | गाँउपालिका तर्फ | २ करोड ७० लाख |
| १४ | वडा कार्यालय तर्फ | ३ करोड २० लाख |
| १५ | भुक्तानि बाँकी | ६० लाख |
| १६ | अनिवार्य दायित्व र शाखाहरु तर्फ | ४ करोड ४५ लाख ७४ हजार ५०० |

माथि उल्लिखित रकम रु. **७२ करोड २० लाख ७४ हजार ५ सय** सञ्चित कोषमार्फत खर्च हुने रकम हो । यसमा सामाजिक सुरक्षा बापत्को अनुमानित रकम रू. १५ करोड ५७ लाख २८ हजार २५६ जोड्दा जम्मा बजेटको आकार ८७ करोड ७८ लाख २ हजार ७ सय ५६ हुन जान्छ ।

बजेटमा उल्लेख नभएका र सङ्घ तथा प्रदेशबाट समय समयमा प्राप्त हुने बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

योजना, बजेट तथा कार्यक्रमसम्बन्धी विस्तृती विवरण अनुसूचीहरूमा उल्लेख गरिएको बेहोरा गरिमामय सभालाई जानकारी गराउँछु ।

**अन्त्यमा,**

**सभाध्यक्ष महोदय**,

बजेट तर्जुमाको क्रममा हामिले संचालन गरेका सबैजसो कार्यक्रमहरुमा सल्लाह सुझाव सहयोग समन्वय र अभिभावकत्व प्रदान गर्नुभएकोमा सम्मानित गाउँपालिका अध्यक्ष ज्यू प्रति कृतज्ञत व्यक्त गर्दछु। साथै बजेट निर्माणको क्रममा सुझाव प्रदान गर्नुहुने विषयगत समिति, राजनीतिक दल, प्रमुख प्रशासकीय अधिकृत एवम् सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, पूर्व जनप्रतिनिधी, शैक्षिक व्यक्तित्व, संचार जगत, गाउँपालिका भन्दा बाहिर नेपालका विभन्न सहरमा रहनुभएका पालिकाबासी तथा पालिका प्रेमी आमाबुबा दाजुभाई तथा दिदि बहिनीहरु प्रती आभार एवम् धन्यबाद प्रकट गर्दछु। गाउँपालिकाको समग्र विकासमा योगदान पुर्याउने करदाता, निजिक्षेत्र तथा विकास साझेदारहरुमा हार्दिक धन्यबाद व्यक्त गर्दछु।

आर्थिक तथा सामाजिक विकास मार्फत समृद्धि हासिल गर्ने तथा सामाजिक न्याय प्रत्याभुत गर्दै पाणिनी र दुर्वाशा ऋषिको पहिचान, समृद्ध पाणिनी निर्माण हाम्रो अभियान भन्ने दिर्घकालिन सोचको लक्ष्य हासिल गर्न उत्पादनशिल, शिक्षित, मर्यादित, रोजगारीको अवसर प्राप्त गरी पर्याप्त आय आर्जन गर्ने सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर, पर्यटकीय, आत्मनिर्भर समृद्ध गाउँपालिका निर्माण गर्ने धेयका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनको शिलसिलामा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

**धन्यबाद नमस्कार !!!**

**२०८२/०३/१०**

**धन्यवाद, जय पाणिनि**

**नर्मदा गौतम पौडेल**

**उपाध्यक्ष**

**पाणिनि गाउँपालिका, अर्घाखाँची**